# बालबालिकाहरूलाई पेटीबन्ध गराउने यी उत्कृष्ट अभ्यासहरूको पालना गर्नुहोस्

**North Dakota Department of Health ले बालबालिकाहरूलाई सवारी साधनहरूमा यात्रा गराउँदाका निम्नलिखित उत्कृष्ट अभ्यासहरू प्रस्ताव गर्दछ:**

**13 वर्ष मुनिका बालबालिकालाई पछाडिका सिटमा राख्नुपर्छ।**

## पछाडि फर्केको

बालबालिकाले कम्तीमा 2 वर्षको उमेरसम्म यात्रा गर्दा पछाडि फर्केर बस्नुपर्छ।

*पछाडि फर्केर यात्रा गर्नका लागि दुई प्रकारका कार सिटहरू उपलब्ध छन्:*

***शिशुका सिटहरू*** – यी सिटहरू मध्ये धेरैजसो सिट 22-35 पाउण्डसम्मका लागि प्रयोग गर्न सकिन्छ। यिनीहरूलाई उच्चतम तौल सीमासम्म वा बच्चाको टाउको सिटको माथिल्लो भागको एक इन्चभित्र हुँदासम्म प्रयोग गर्नुहोस्।

***परिवर्तन गर्न सकिने सिटहरू*** – यी सिटहरू पछाडि फर्केको तथा अगाडि फर्केको दुवैका लागि प्रयोग गर्न सकिन्छ। धेरैजसो 30-40 पाउण्डसम्मका लागि पछाडि फर्केको प्रयोग गर्न सकिन्छ। निर्माताले अनुमति दिएको उच्चतम साइज सीमासम्म तिनीहरूको लागि पछाडि फर्केको सिट प्रयोग गर्नुहोस्।

## अगाडि फर्केको

बालबालिका कम्तीमा 2 वर्षको हुँदा वा तिनीहरूको कारको सिटको उच्चतम अगाडि फर्केको सिटको सीमाभन्दा अग्ला भएमा, तिनीहरू कार सिट उपकरणसँगै कारको अगाडि फर्केको सिटमा बस्न सक्नेछन्। निर्माताले अनुमति दिएको उच्चतम साइज सीमासम्म बालबालिका नपुग्दासम्म सिटको प्रयोग गर्नुहोस्। उपकरण सहितका कार सिटहरू 40-100 पाउण्डसम्मका लागि प्रयोग गर्न सकिन्छ।

## बुस्टरहरू

बालबालिका तिनीहरूको अगाडि फर्केको कारको सिटको कार सिट उपकरणभन्दा अग्ला भएमा, तिनीहरूलाई बुस्टरमा लैजान सकिनेछ। बच्चा कम्तीमा 40 पाउण्ड तथा कम्तीमा 4 वर्षको हुनुपर्छ। बच्चा 4'9" अग्लो नहुँदासम्म वा सिट बेल्ट बच्चाको शरीरमा पूर्ण रूपमा फिट नहुँदासम्म बच्चालाई बुस्टरमा नै राख्नुहोस्। धेरैजसो बुस्टरहरू 80-120 पाउण्डसम्मका लागि प्रयोग गर्न सकिन्छ।

## सिट बेल्ट

बालबालिकाहरू बुस्टर सिटभन्दा अग्ला भएमा तिनीहरूको शरीरमा पूर्णरूपमा फिट भएमा सिट बेल्टको प्रयोग गर्न सक्छन्। सिट बेल्ट राम्ररी फिट हुनका लागि, काखको बेल्ट माथिल्लो तिघ्रामा चुस्त रूपमा रहेको हुनुपर्छ र काँध तथा छातीमा चुस्त हुनुपर्छ। यो पेटमा वा घाँटीमा रहेको हुनुहुँदैन।

## महत्त्वपूर्ण सुझावहरू:

- तपाईंको बच्चाको उमेर, आकार, विकास र परिपक्वताको आधारमा कारको सिट चयन गर्नुहोस्। साइजको जानकारी कारको सिटसँग जोडिएको लेबलमा तथा निर्देशन मेनुअलमा हुनेछ।
- कार सिट निर्देशनहरूको पालना गरी तपाईंको बच्चालाई सिटमा चुस्त रूपमा सुरक्षित गर्नुहोस्।
- सिट बेल्ट वा तल्लो एङ्कर तथा टेथर (LATCH) प्रणाली प्रयोग गरी तपाईंको सवारीमा सिटलाई कसिलो पारेर स्थापित गर्नुहोस्। कार सिट निर्देशनहरू तथा सवारी मालिकको मेनुअलको पालना गर्नुहोस्।
- तपाईंको कार सिट निर्माताकोमा दर्ता गर्नुहोस्, रिकलका लागि जाँच्नुहोस् र सिटको म्याद समाप्ति मिति जाँच गर्नुहोस्।

**तपाईंको बच्चाको कार सिट वा बुस्टर सिटलाई राज्यभर उपलब्ध धेरै प्रमाणित बाल यात्रु सुरक्षा प्राविधिकहरू मध्ये कुनै प्राविधिकबाट जाँच गराउनुहोस्।**
**बाल यात्रु सुरक्षा प्राविधिक फेला पार्नको लागि, North Dakota Department of Health, बाल यात्रु सुरक्षा कार्यक्रमलाई 800.472.2286 मा सम्पर्क गर्नुहोस्, www.ndhealth.gov/injury/ वा https://www.safercar.gov/ मा जानुहोस्, र कार सिटहरू (car seats) चयन गर्नुहोस्।**

# नर्थ दाकोटा बाल यात्रु सुरक्षा कानून







- 8 वर्ष मुनिका बालबालिका हरू बालबालिका संयम (कार सिट वा बुस्टर सिट)मा यात्रा गर्नुपर्छ। संयमलाई सही रूपमा प्रयोग गर्नुपर्छ – निर्माताको निर्देशनहरू पालना गरी।
- सही तरिकाले लगाइने सिट बेल्ट 8 वर्षभन्दा मुनिका 4’9” अग्ला बालबालिकाहरू प्रतिस्थापन गर्न सकिन्छ।
- 8 देखि 17 वर्षसम्मका बालबालिका सिट बेल्ट वा बाल संयम (कार सिट वा बुस्टर सिट)मा सही रूपमा सुरक्षित हुनुपर्छ ।
- 18 वर्षभन्दा मुनिका बालबालिकाहरूलाई तिनीहरू सवारी साधनको जुनसुकै ठाउँमा बसेको भए तापनि सही तरिकाले संयममा रहेको हुनुपर्छ।
- यस कानूनको उल्लंघनका लागि $25 शुल्क तथा सवारी चालकको इजाजतपत्रको विरूद्धमा एक अंक लाग्छ। सबै यात्रु उचित संयममा पेटीबन्ध भएको सुनिश्चितताका लागि सवारी चालक उत्तरदायी हुन्छन्

***तपाईंको बच्चाको लागि सही बाल संयम चयनमा तपाईंको सहयोगको लागि, पछाडि रहेको उत्कृष्ट अभ्यास मार्गनिर्देशहरूको सन्दर्भ लिनुहोस्।***

NORTH Dakota | Health
Be Legendary.™

VISION ZERO
Zero fatalities. Zero excuses.

800.472.2286 www.ndhealth.gov/injury/

अगष्ट 2017 मा संशोधित